आज मिति २०८३ साल असार ०३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को तेह्रौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न वहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम वहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुक माया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल वहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

**नगर-कार्यपालिकाको मिति २०८३/३/०३ गतेको आ.व. २०८२/८३ को तेह्रौं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२ ०२ २१ गते बसेको आ.व २०८२/८३ को बाह्रौं बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

सुन्दरबजार नगरपालिकाको नगर शिक्षा योजना उपर दफावार छलफल गरी सर्वसम्मत पारित गर्ने ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेन पारित गरी नगरसभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

**निर्णय नं ४**

आ.व. २०८३ ८४ को निति तथा कार्यक्रम पारित गरी नगरसभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

**विविध प्रस्तावका निर्णयहरु :**

क. यस नगरपालिकाको २०८३ ०२ १२ गतेको जग्गा एकीकरण आयोजनाको चारकिल्ला निर्धारणका लागि सूझाव संकलन सम्बन्धी सूचना अनुसार कुनै गुनासो तथा सुझाव प्राप्त नभएको हुँदासुन्दरबजार-हाँडेटार जग्गा एकीकरण आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने कार्य कार्यका निम्ति आयोजना क्षेत्रको तपसिल अनुसार चारकिल्ला कायम गर्ने ।

चारकिल्ला

पूर्व सिमाना : पाँउदी खोला पुल (कि.नं ८०८, ३५१, १११६)

पश्चिम सिमाना : लामास्वाँरा (कमला न्यौपानेको घर) (कि.नं ११७५, ८५४)

उत्तर सिमाना : नखले चौतारा (कि.नं ८०१, ४२)

दक्षिण सिमाना : मनकामना खानेपानी ट्याङ्गी (कि.नं १८४, १८५)हाडेटार जग्गा चार किल्ला

**ख.** सुन्दरबजार अस्पतालमा मेडिकल अधिकृत डा. प्रार्थमिक श्रेष्ठले अनलाईन अध्ययनकाको स्वीकृति माग गरेको हुँदा सुन्दरबजार अस्पतालको सेवा प्रवाहमा असर नपर्ने गरी अध्ययन अनुमति प्रदान गर्ने ।

**ग.** यस नगरपालिकाकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला उद्धमिलाई प्रबिधि हस्तान्तरण कार्यक्रमका लागि मिति २०८३ ०२ १२ गते सूचना आव्हवान गरिएकोमा सुचनाको अन्तिम मिति सम्म प्राप्त २२ निवेदनहरुबाट व्यवसायिक सम्भाव्यता, साझेदारीको तत्परता, नगरपालिकाबाट यस अघि लिएको सेवा सुविधा सम्बधि विवरण सबै जाँचबुझ गर्दा देहायअनुसारका महिला उद्धमी छनोट गरि प्रति उद्धमी प्रविधिको ३०% वा अधिकतम २००००/- (बिस हजार मात्र) नगरपालिकाको तर्फबाट व्यहोरिने गरि प्रबिधि हस्तान्तरणका लागि साझेदारी गर्ने ।

तपशिल

| क.स | उद्धमिको नाम थर, वडा नं | माग गरिएको प्रबिधि | कैफियत |
|---|---|---|---|
| १ | डिलमाया थापा, ७ | सिलाइ मेसिन | |
| २ | कोपिला बयलकोटी,६ | सिलाइ मेसिन | |
| ३ | शारदा तामाङ्ग, ५ | सिलाइ मेसिन | |
| ४ | धिरमाया श्रेष्ठ,५ | डी फ्रिज | |
| ५ | उषा गुरुङ, ७ | पार्लर मेसिन | |
| ६ | सबिता भुजेल श्रेष्ठ,६ | डी फ्रिज | |
| ७ | खातुन मिया,९ | सिलाइ मेसिन | |
| ८ | गोमा थापा,७ | सिलाइ मेसिन | |
| ९ | मंगली लिम्बु,६ | सिलाइ मेसिन | |
| १० | आरति पोखरेल,७ | कफी बनाउने मेसिन | |
| ११ | संगीता के.सी, ५ | डी फ्रिज | |
| १२ | गोमा गुरुङ्ग,१ | डी फ्रिज | |
| १३ | लक्ष्मी परियार,६ | सिलाइ मेसिन | |
| १४ | सुजना अधिकारी,४ | कम्पाइण्ड मिल | |

२०८३।०३।०३

२०८३।०३।०३